म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२४ आइतबार ११ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 24 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**फागुपूर्णिमाको शुभकामना**

रङ नै रङको पर्व फागुपूर्णिमा अर्थात् होलीको उपलक्ष्यमा हाम्रा समस्त पाठक, ग्राहक, विज्ञापनदाता, कर्मचारी तथा शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै, होलीको अवसरमा आज एक दिन कार्यालय बिदा हुने भएकोले हाम्रो भेट १३ गते मंगलबार हुनेछ ।

साझाकुरा राष्ट्रिय दैनिक परिवार

## राक्सिराङमा घर उपहार लिन एकजना पनि आएनन्

निशा गुरुङ

हेटौंडा, १० चैत/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले गाउँपालिकाभित्र बसाइँ सरी आउनेलाई यही वर्षदेखि घर उपहार दिने निर्णय गरेपनि गाँउपालिकामा एकजना पनि बसाइँ सरी आएका छैनन् ।

पालिकामा बसाइँसरी आउनेलाई पालिकाले प्रतिघर ५ लाख रुपैयाँ पर्ने कम्तिमा दुईकोठे घर निर्माण गरिदिने निर्णय गरेको थियो । तर, हालसम्म एकजना पनि नआएका हुन् । गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रममा अन्यत्रबाट गाउँपालिकाभित्र बसाइँ सरी आउन आकर्षित गर्न 'सुन्दर समाज हाम्रो सार, बसाइँसरी आउनेलाई घर उपहार' कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । यतिबेला विकास गाउँमा पुगेको छ तर, मानिसको बसाई सहरकेन्द्रित बन्दै गएको छ ।

गाउँसभामा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा घर कस्तो प्रकारको हुने र कति लागतको हुने भन्ने कुरा गाउँपालिकाले बनाउने कार्यविधिमा निर्भर हुने बताइएको थियो । सोही निर्णयअनुसार नै गाउँपालिकाले गत फागुन १६ मा राक्सिराङ गाउँपालिकाम बसाइँ आउनेलाई घर उपहार कार्यक्रम सम्बन्धी १५ दिने सूचना जारी गरिएको थियो । जस्का लागि पालिकाले विभिन्न मापदण्ड बनाएको थियो । तर, सूचना जारी गरेको म्याद सकिँदासम्म एकजना पनि घर उपहार लिन नआएको गाउँपालिकाका शाखाअधिकृत गोविन्द अधिकारीले बताए ।



'घर उपहारका लागि एकजनाले फोन सम्पर्क गरेर बुझ्नु भएको थियो । हामीले त्यसका लागि सबै मापदण्डबारे जानकारी गरायौं । उनले भने,-'उहाँले पनि निवेदन दिन आउनु भएन ।' गाउँपालिकामा बसाइँसरी आउने भन्दा जाने धेरै रहेको उनको भनाई छ । अधिकारीका अनुसार गाउँपालिकाबाट हरेक वर्ष १ सय ८५ जनाभन्दा धेरै बसाइँसरी जाने गरेको छ । घर उपहार दिँदा पनि बसाइँसरी नआउनु दु:खद भएको राक्सिराङ गाउँपालिका अध्यक्ष र मल्लले बताए । सबैजना सहरमुखी हुनका साथै सुविधा खोज्ने बहानामा सुगमक्षेत्रमा बसाइँसरी जाने गरेको बताए । हरेक वर्ष गाउँपालिकाबाट धेरै मात्रामा बसाइँसराइँ हुने गरेको र त्यसलाई रोक्न गाउँपालिकाले घर उपहार दिने निर्णय गरेपनि एकजना पनि नआएको अध्यक्ष मल्लले बताए ।

दुर्गम क्षेत्रमा जति विकास भएपनि सुविधा छैन भन्ने मानसिकताले पनि बसाइँसराई हुने गरेको उनको भनाई छ । 'विगतको तुलनामा हेरेर गाउँपालिकामा धेरै विकास भएको छ । विगतमा सिटामोलसम्म नपाईने पालिकामा अस्पताल बनेको छ । हरेक वडामा स्वास्थ्यचौकी निर्माण भएको छ । मावितहसम्म पढाई हुने गरेको छ भने पालिकामा बाटोघाटो निर्माण हुनका साथै खानेपानीको सुविधाहरु पुगको छ । अध्यक्ष मल्लले भने,- 'दुईवटा वडाबाहेक सबै वडामा बिजुली पुगेको छ । अहिले दु:ख गर्न नचाहने सहरमुखी हुँदा र ऐलानी जग्गामा भएपनि अन्यत्र बसाइँसरी जाने हुँदा यस्तो अवस्था सिर्जना भएको हो जस्तो लाग्छ ।'

अध्यक्ष मल्ले राक्सीराङ गाउँपालिका भन्ने बित्तिकै दुर्गम गाउँपालिका सोच्ने र पालिकामा पछिल्लो समय धेरै विकास भइसकेको भन्ने जानकारी नहुँदा पनि बसाइँसरी आउनेको संख्या शुन्य रहेको बताए । अध्यक्ष मल्लका अनुसार गाउँपालिकाले बसाइँसरी आउनेलाई घर उपमहार दिने सम्बन्धमा पुन: बैठक बसेर सूचनाको म्याद थप गर्ने सोच निर्माण गरिएको छ । उनले विगतको तुलनामा गाउँपालिकामा धेरै विकास भएको भन्दै बसाइँसरी आउन आह्वान समेत गरेका छन् ।

मकवानपुरको पश्चिम उत्तरी भेगका ४ वटा साविक गाविसहरु राक्सिराङ, काँकडा, खैराङ र सरिखेत मिलाई नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयले राक्सिराङ गाउँपालिका गठन भएको हो । यो गाउँपालिकाको जनसंख्या २५९९६ (राष्ट्रिय जनगणना, २०७८), ३०८३० (घर धुरी सर्वेक्षण २०७५, राक्सिराङ गाउँपालिका) कुल क्षेत्रफल २२६.७ वर्ग किमि र जनघनत्व १३५.७२ प्रतिवर्ग किमि छ । यसको पूर्वमा हेटौंडा उपमहानगरपालिका र कैलाश गाउँपालिका, पश्चिममा चितवन जिल्लाको राप्ती नगर पालिका, दक्षिणमा मनहरी गाउँपालिका र उत्तरमा कैलाश गाउँपालिका र धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका पर्दछ ।

जम्मा ९ वटा वडा रहेको पालिकामा तामाङ समुदाय ४६.२५ प्रतिशत, चेपाङ समुमदाय ४३.९६ प्रतिशत, क्षेत्री समुदाय २.७५ प्रतिशत, दलित समुदाय २.३८ प्रतिशत, मगर समुदाय १.५० प्रतिशत, नेवार समुदाय ०.५६ प्रतिशत र ब्राम्हण समुदाय ०.०६ प्रशित बसोबास गर्छन् । गाउँपालिकामा आदिवासी र अल्पसंख्यक चेपाङ समुदायको बाहुल्यता रहेको छ । गाउँका युवासँगै बसाइँसराइ गरेर जानेहरुका कारणले गाउँ सुनसान बन्दै गएका छन् । गाउँमा गरेर खाने मान्छे छैनन् । जसका कारणले बिवाह, पूजा, कुनैपनि काम गर्दा समस्या छ । बिदेशिने क्रम र बसाइँसराइबाट गाउँघरमा बृद्ध आमाबुवा मात्रै छन् ।

गाउँमा कुनै व्यवसाय गरे पनि लगानी अनुसार प्रतिफल नआउनाले पनि बसाइँसराइ बढ्दै गएको छ । कतिपय नागरिक गाउँको जग्गा बिक्री नगरी घरमा ताल्चा लगाएर सुगम ठाउँमा जाने गरेका छन् । जिल्लाको अवस्थामा विशेष गरी दुई स्तरका मानिस बढी बसाइसराइँ गरिरहेका छन् । आर्थिकरुपमा सम्पन्न मानिस थप सुविधाका लागि र बिपन्न व्यक्ति रोजीरोटीकै लागि बसाइसराइँ गर्छन् । कृषि क्षेत्रमा लगानी अनुसारको प्रतिफल प्राप्त नहुनु, गुणस्तरीय उच्च शिक्षा हासिल गर्न गाउँमा शैक्षिक संस्था नहुनु, स्वास्थ्यउपचारका लागि सुविधा नहुनु जस्ता कारणले मानिस बसाइसराइँ गर्ने गरेका छन् ।

## साहित्य संगमद्वारा ७ स्रष्टा सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ साहित्य संगम मकवानपुरले शनिवार एउटै मञ्चमा ७ जनालाई सम्मान गरेको छ । संगमको ३ सय ४१ औं साहित्य सन्ध्या तथा सम्मान समर्पण कार्यक्रममा प्रमुख अतिथि साहित्यकार निर्मोही ब्यासलगायतले ७ जना सर्जकलाई सम्मानित गरेका हुन् ।

तत्कालीन जिल्ला विकास समिति मकवानपुर र साहित्य संगमम मकवानपुरद्वारा स्थापित १५ हजार ५ सय ५५ रुपैयाँ राशिको 'मकवानपुर साहित्यश्री सम्मान २०८०' बाट ईन्द्रजित शर्मा चौलागाईं सम्मानित भएका छन् । मकवानपुरे साहित्यकार शर्मा हास्य तथा टेलिश्रृंखलामा अभिनयमा समेत सक्रिय छन् । गतवर्ष यो सम्मानबाट शम्भु बास्कोटा सम्मानित भएका थिए । यसैगरी १५ हजार ५ सय ५५ रुपैयाँ राशीको 'भेषनाथ अधिकारी स्मृति छन्द सम्मान-२०८०' बाट धनकुटाकी स्रष्टा कल्पना काफ्ले सम्मानित भएकी छिन् ।

यो सम्मान मकवानपुरे साहित्य सर्जक विशाल अधिकारी आशुतोषले स्थापना गरेका हुन् । यो सम्मानबाट गत वर्ष सुदेश सत्याल सम्मानित भएका थिए । यस्तै १० हजार राशीको 'विनोद-सुनिता सुवेदी साहित्य सम्मान २०८०' बाट ललितपुरका स्रष्टा श्रीराम पाण्डे सम्मानित भए । यो सम्मान बालजागृति इङ्लिस सेकेण्डरी बोर्डिङ स्कुल हेटौंडाका प्रिन्सिपल विनोद सुवेदी तथा शिक्षक सुनिता सुवेदीले स्थापना गरेका हुन् । 'सुभद्रादेवी-मदन मुडवरी स्मृति सम्मान २०८०' बाट मकवानपुरका साहित्यकार विश्वनाथ सञ्जेल सम्मानित भए ।

१० हजार रुपैयाँ राशीको सम्मान हेटौंडाका (हाल अमेरिका निवासी) दीपक मुडवरीले स्थापना गरेका हुन् । यो सम्मानबाट गतवर्ष पूर्णकला घिमिरे सम्मानित भएकी थिइन् । यसैगरी हेटौंडाका शिक्षासेवी देवप्रसाद श्रेष्ठले स्थापना गरेको १० हजार रुपैयाँ राशिको 'मंगलादेवी श्रेष्ठ नारी स्मृति सम्मान २०८०' बाट मकवानपुरकी साहित्यकार भावना सापकोटा सम्मानित भएकी छिन् । १० हजार राशिको 'मुक्ति-तारा सम्मान २०८०' बाट मकवानपुरे स्रष्टा सानुभाइ विश्वकर्मा सम्मानित भए । यो सम्मान हेटौंडाका साहित्यसेवी मुक्तिगोविन्द वैद्य र तारादेवी वैद्यले स्थापना गरेका हुन् ।

हेटौंडाका साहित्यिक स्रष्टा, अधिवक्ता ऋषि केबी र शिक्षक पूण्यशिला श्रेष्ठले स्थापना गरेको १० हजार राशिको 'रामहरि-देवु सम्मान २०८०' बाट मकवानपुरका साहित्यकार किशन पौडेल सम्मानित भएका छन् । पौडेल लघुकथा चौतारी मकवानपुरका अध्यक्ष हुन् । गतवर्ष यो सम्मानबाट लेखक संघ मकवानपुरका अध्यक्ष छवि अनित्य सम्मानित भएका थिए । संगम अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षता तथा साहित्यकार निर्मोही ब्यासको प्रमुख आथिथ्यतामा भएको कार्यक्रममा सम्मानित सातै जना स्रष्ट्राले मन्तव्यसहित र चनावाचन गरेका थिए ।

## हेटौंडाका दुई सहकारी संस्था एकीकरण



साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ हेटौंडामा संचालित दुई सहकारी संस्था एकीकरणमा गएका छन् । हेटौंडा-२, स्थित ज्योति बचत तथा ऋण सहकारी संस्था र हेटौंडा-४ मा संचालित सजिलो उपभोक्ता सहकारी संस्था लिमिटेड बीच एकीकरण भएको हो ।

शनिबार हेटौंडामा सम्पन्न दुवै संस्था सम्मिलित विशेष साधारणसभाले एकीकरण गर्ने निर्णय गरेको हो । साधारणसभाले विवेक पराजुलीको अध्यक्षतामा ७ सदस्यीय कार्यसमिति चयन गरेको छ । समितिको उपाध्यक्षमा कमला श्रेष्ठ, सचिवमा विष्णु केसी, कोषाध्यक्षमा श्यामकुमार लो तथा सदस्यहरुमा विश्वराज खतिवडा, गणेश खड्गी र लक्ष्मी बास्ताकोटी चयन भएका छन् ।

साधारणसभाले नारायण आचार्यको संयोजकत्वमा ३ सदस्यीय लेखासमिति गठन गरेको छ । लेखासमिति सदस्यमा गंगामाया राना र नारायणप्रसाद अधिकारी चयन भएका छन् । ज्योति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष विवेक पराजुलीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरका रोजगार प्रवर्द्धन तथा सहकारी विभागप्रमुख हिमप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सहकारी बैंक हेटौंडाका शाखा प्रमुख रामेश्वर अर्याल, सजिलो उपभोक्ता सहकारी संस्थाका पूर्वअध्यक्ष उत्तमप्रसाद कुँईकेल र शेर बहादुर पहरी, टोल विकास संस्था नगरसमन्वय समितिका महासचिव शिवहरि दाहाल, हेटौंडा क्याम्पसका स्ववियु सभापति अभि मैनाली तथा हेटौंडा जेसीजका पूर्वअध्यक्ष राजदेब बाँनियालगायतको आतिथ्यता थियो ।

सहकारी विज्ञ एवम् आर्थिक विश्लेषक मिनराज खड्काले कार्यक्रमको सहजिकरण गरेका थिए । एकीकरण पश्चात संस्थाको शेयर पुँजी १ करोड १० लाख र कारोबार ४ करोडको हुने सजिलो उपभोक्ता सहकारीका निवर्तमान अध्यक्ष धुब अधिकारले जानकारी दिए । उनका अनुसार संस्थाको शेयर सदस्य संख्या अब ४ सय ८० पुगेको छ ।

## भाइरल ज्वरोका बिरामी बढ्दो

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/ मकवानपुरमा भाइरल ज्वरोका बिरामी बढ्दै गएको छ । मकवानपुरको केही गाउँपालिका, थाहानगरपालिका र हेटौंडा उपमहानगरको विभिन्न वडामा भाइरल ज्वरोका बिरामी बढ्दै गएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका सूचनाअधिकारी लक्ष्मण घिमिरेका अनुसार, जिल्लाको विभिन्न पालिकामा रहेका स्वास्थ्यचौकी र प्राथमिक स्वास्थ्यकेन्द्रमा दैनिक ६० देखि ७५ जनासम्म भाइरल ज्वरोका बिरामी उपचारका लागि आउने गरेका छन् । उपचारका लागि आउने ज्वरोका बिरामीमध्ये दैनिक १२ देखि १७ जनासम्म स्वास्थ्य संस्थामै भर्ना गरी उपचार गरिरहेको कार्यालयका सूचना अधिकारी घिमिरेले बताए ।

उनले ज्वरोका केही बिरामीलाई थप उपचारका लागि हेटौंडा अस्पताल र चितवनका अस्पतालमा पठाउने गरिएको पनि बताए ।

हेटौंडा अस्पतालको आकस्मिक र बहिरंग कक्षमा दैनिक ६५ देखि ७५ जनासम्म ज्वरोका बिरामी उपचारका लागि आउने गरेका र ती बिरामीमध्ये दैनिक २० देखि ३० जनालाई भर्ना गरी उपचार गरिरहेको अस्पतालले जानकारी दिएको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**सम्पर्क कार्यालय:** सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३२३

साझाकुरा

## हाम्रो कुरा

# स्वच्छ, सफा खानेपानी

नेपाल खानेपानी संस्थान हेटौंडा शाखा बोर्डमा रुपान्तरण भएपछिको १० वर्ष नगरको खानेपानी समस्यामा ठूलो परिवर्तन आएको छ । १० वर्षअघि हरेक वर्षको सुख्खा समयमा पानी पुऱ्याउन समस्या हुने गरेकोमा हाल पर्याप्त पानी वितरणका लागि हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड सक्षम बनेको छ । २०७० साल अघिको दुई दशक नगरबासी दैनिक जुलुश गरी खानेपानी कार्यालयमा धाउने गरेका थिए । अहिले बोर्डमा खानेपानी महशुल अग्रिम भुक्तानी गर्ने बढेका छन् । यसले पनि बोर्डप्रति उपभोक्ताले गरेको विश्वास झल्काउँछ । ८ जेठ २०७० मा नेपाल खानेपानी संस्थान हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको हो । संस्थान हुँदा दैनिक ५५ देखि ६० लाख लिटरसम्म आपूर्ति गर्ने गरेकोमा खानेपानीको माग एक करोड भन्दा बढी रहेको बोर्डले जनाएको छ । माग गरेकोमा आधा मात्रै खानेपानी आपूर्ति हुँदा सुख्खा समयमा ठूलो संकट निम्तिने गरेको थियो । पानीको हाहाकार मच्चिँदा कार्यालयमा स्थानीयको जुलुस बोर्डले खेप्न नपरेको १० वर्ष भयो ।

खानेपानीको उपलब्धता पर्याप्त बन्दै गएको अवस्थामा बोर्डले शुक्रबारबाट थप दैनिक करिब ६० लाख लिटर खानेपानीको जोहो गरेको हो । भदौ २०७९ मा १० हजार लिटरसम्मको खानेपानी महशुल नि:शुल्क गर्ने निर्णय गरेको हो । १० हजार लिटरसम्म पानी प्रयोग गर्नेले मासिक ८५ रुपैयाँ महशुल लिइँदै आएकोमा उपमहानगरले नि:शुल्क बनाएको हो । नि:शुल्क खानेपानी उपलब्ध गराएबापत् उपमहानगरले खानेपानी व्यवस्थापन बोर्डलाई उपभोगको आधारमा हुनआउने रकम उपलब्ध गराउँदै आएको बोर्डले जनाएको छ । हेटौंडामा २०७६ मा गरिएको एक अध्ययनले २९ वर्षसम्म पानीको अभाव नहुने देखाएको छ । नेपाल पानी सदुपयोग फाउण्डेसनले हेटौंडा उपमहानगरभित्र पानी सन्तुलन, अवस्था र भविष्यबारे अध्ययन गरेको थियो । ६ महिनाको अध्ययनपछि विज्ञ टोलीले २९ वर्षसम्म पानीको स्रोत र सन्तुलनका कारण अभाव नहुने निष्कर्ष निकालेको थियो । अध्ययनमा संलग्न जलस्रोतविज्ञले हेटौंडामा ४ वर्षअघि ७८ करोड २६ लाख घनमिटर पानीको उपलब्धता रहेको औंल्याएका थिए । सन २०५० सम्म आवश्यकभन्दा २ दशमलव ३ गुणा बढी पानीको उपलब्धता हुने अध्ययनले देखाएको हो । हेटौंडाको मुख्य पानीको स्रोत राप्ती, सामरी र कर्राखोला हुन् भने भूमिगत पानीको रुपमा चुरेक्षेत्र हो । वातावरण र पानीको स्रोत बचाउने हिसाबले समवेलवाट पानी संकलन गरेर वितरण गर्नु उपयुक्त भएको बोर्डले उल्लेख गरेको छ । जसकारण, विगतका डिप बोरिङलाई विस्थापन गर्दै समवेलमा जोड दिइएको हो ।

विश्व पानी दिवसको सन्दर्भ पारेर बोर्डले हेटौंडा उपमहानगर पालिका र मकवानपुरगढी गाउँपालिकाको संगमस्थल सामरीखोला नजिकै समवेल निर्माण गरी दैनिक ६० लाख लिटर खानेपानी थप गरेको छ । बोर्डले यसअघि हेटौंडामा दैनिक २ करोड ६२ लाख लिटर पानी वितरण गर्दै आएकोमा अब दैनिक ३ करोड २२ लाख लिटर पानी वितरण गर्नेछ । बोर्डको आफ्नै आन्तरिक आयबाट करिब २५ लाख रुपैयाँ लगानीमा समवेल निर्माण गरिएको बताइएको छ । दशक अघि दैनिक २ घण्टा मात्रै पानी आउँथ्यो भने अहिले १० घण्टासम्म पानीको उपलब्धता हुने बोर्डले जनाएको छ । सामरी समवेलको सञ्चालनपछि हेटौंडामा दैनिक ३ करोड २२ लाख लिटर खानेपानी वितरण हुने र २४ घण्टा नै धारामा पानी पठाउन सकिने बताइएको छ । हाल बोर्डमा एक सतहगत मुहान, डिप बोरिङ ३७ वटा, समवेल १३ वटा र पानी भण्डारण क्षमता ४ सय ५२ दशमलव ६९ घनमिटर रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १२ गते सोमबार २५ मार्च २०२४ । पूर्णिमा, फागुन शुक्लपक्ष । चिल्लाध्व ११४४ ने.सं. । सूर्योदय ६:४, सूर्यास्त ६:१७ । तराईमा होली । फागुपूर्णिमा ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : गलत विचार बढ्ने | तुला | : कार्यान्तरण हुन सक्ने |
| वृष | : काममा अबरोध आउने | वृश्चिक | : शुभ समाचार सुन्न पाइने |
| मिथुन | : अधुरा काम पूरा हुने | धनु | : अनावश्यक खर्च बढ्ने |
| कर्कट | : घरेलु समस्याले सताउने | मकर | : भोजको अवसर मिल्ने |
| सिंह | : कुरा काट्नेहरु सक्रिय हुने | कुम्भ | : स्वास्थ्य बिग्रन सक्ने |
| कन्या | : नयाँ काम हात पर्ने | मीन | : रमाइलोगरि समय बित्ने |

# गठबन्धनको च्याखे र रास्वपा



✍ जगन्नाथ लामिछाने



देशमा अब केही राम्रो हुँदैन भन्ने सोचले हाम्रो मनोविज्ञानलाई निकै गहिरोसँग प्रभावित पारेको छ । आफ्नो उमेर समूह अनि सीप क्षमता अनुसार देश छाडेर हिंड्न अहिले सबै नागरिकहरूमा ठूलो उकुसमुकुस देखिन्छ । सन् २०२३ मा मात्र १७ लाखभन्दा बढी नेपालीले अवसरको खोजीमा देश छाडेको तथ्यांक छ। भ्रष्टाचारमा पहुँच पुग्नेहरू, दलीय स्वार्थ समूहका सदस्यहरू र बिचौलियाहरूको लागि मात्र यो देश स्वर्ग बनिरहेको छ ।

विस्तारै १८ देखि ४० वर्ष उमेर समूहका युवाहरू देशमा भेट्टाउन गाह्रो हुने अवस्था देखिंदैछ । अहिले नै देशभित्र युवाहरू रित्तिंदै जाँदा यसको प्रभाव उच्च शिक्षामा भर्ना हुने विद्यार्थी संख्या, आन्तरिक पर्यटन, होटल व्यवसाय तथा रेस्टुरेन्टहरूमा देखिन थालिसकेको छ ।

अहिलेको नेपाली समाज निराशता, हीनताबोध, उकुसमुकुस तथा किंकर्तव्यविमूढको मनोविज्ञानमा जेलिएको छ तर पनि मान्छेहरूमा आक्रोश देखिंदैन। कतै देशमा अब केही हुँदैन भन्ने चरम निराशाका कारण नेपालीहरू रिसाउन पनि छाडेका त होइनन् ?

आर्थिक अवसर र सुरक्षालाई लिएर समाजमा देखा परिरहेको निराशा आजको भोलि विकसित भएको होइन । सामूहिक रूपमा निराश वा आशावादी हुन धेरै पटक हामीले समान खालका घटनाहरू अनुभव गर्नुपर्ने हुन्छ। राजनीतिक दल र नेतृत्वले बारम्बार देखाएका झुटा सपना तथा धोकाको शृंखलाहरूले आजको निराशाजनक अवस्था आएको हो ।

अर्थशास्त्रीय दृष्टिकोणमा हाम्रो सामूहिक निराशाका कारणहरू व्यक्तिभन्दा ठूला छन् र यो प्रत्यक्ष रूपमा हाम्रो राज्यको संरचनासँग जोडिएको छ। देशभित्रको सानो बजार, आन्तरिक उत्पादन निकै कम हुनु, आयातमुखी अर्थतन्त्र, व्यवसाय गर्न अप्ठ्यारै अप्ठ्यारो मात्रह बिचौलिया अनि भ्रष्टाचारमैत्री कर्मचारीतन्त्र, न्यायालय तथा राजनीतिक दलहरू जस्ता कुराहरूले आम नागरिकहरूमा निराशा मात्र बढाएको छ । तीस-चालीस वर्षसम्म दलीय नेतृत्व गरेर पटक-पटक असफल हुँदा पनि अहिले प्राय: तिनै पात्रहरू राष्ट्रिय राजनीतिको केन्द्रमा छन्। उनीहरू आफ्नो असफलताको लागि न त दण्डित छन् न त नेतृत्वबाट विस्थापित नै। अझै यो वा त्यो बहानामा आम नागरिकहरूलाई झुक्काउन सफल छन् ।

यही निराशा र आक्रोशको बीचमा हामी फरक हौं र फरक परिणाम ल्याउने गरी काम गर्छौं भनेर उदाएको पार्टी हो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)। 'अब जान्नेलाई छान्ने' भन्ने राजनीतिक नारा दिएर चुनावको मुखमा उदाएको नयाँ राजनीतिक दलले आम मानिसको मन जितेर चौथो ठूलो दल पनि बन्न पुग्यो । कांग्रेस, एमाले र माओवादीसँग आजित नागरिकहरूले एउटा विकल्पको रूपमा रास्वपालाई आफ्नो विद्रोही मत दिए ।

रास्वपासँग नागरिकको अपेक्षा ठूलो छ । सुशासन, राम्रो शिक्षा र स्वास्थ्य, पर्याप्त रोजगारीको अवसर, उद्यम गर्ने वातावरण, समय सुहाउँदो भौतिक पूर्वाधारको विकास अहिले नागरिकले पालेका अपेक्षा हुन् । रास्वपाको बाचापत्र यिनै विषयहरूले भरिभराउ छ ।

चौथो ठूलो दलको नाताले गठबन्धनको सरकारमा दुई-दुई पटक सामेल भइसकेपछि रास्वपाले गठबन्धनको राजनीतिक संस्कार, आफ्नै पार्टी र देशको भविष्यको बारेमा धेरै प्रश्न उठाएको छ ।

पुराना दलहरूसँगै गठबन्धन गरेर यो देशका समस्या समाधान गर्न सकिने हो भने नयाँ राजनीतिक दलहरूको औचित्य अर्को आम निर्वाचन अगाडि नै समाप्त हुनेछ। वास्तवमा, हाम्रा समस्याहरू पुराना दलहरूभित्र छन्, पुराना दलहरूमा नेतृत्वले बोकेको सोच र कार्यशैलीभित्र छ, कर्मचारी संरचनाभित्र छन्, सार्वजनिक सेवाका लागि निर्माण गरिएका संस्थाहरूभित्र छन् । दु:खको कुरा, देशलाई असफलता र निराशाको भुमरीमा घुमाइरहेका दलहरू र नेतृत्वलाई वैधता प्रधान गरेर रास्वपाले आफूलाई यही राजनीतिक संस्कारको एउटा हिस्सा सावित गरिसकेको छ ।

पुराना दलहरू गलत राजनीतिक दर्शन र पार्टीभित्र असल क्षमतावान् मान्छेहरूको कमि भएर असफल बनेका होइनन् । सबै राजनीतिक दलहरू समाजमा आशा देखाएर अनि सामाजिक-राजनीतिक मुद्दाहरूकै नेतृत्व गरेर उदाएका हुन् । रास्वपाको तुलनामा अहिलेका ठूला दलहरू कांग्रेस, एमाले र माओवादी निकै संघर्षपूर्ण तथा त्यागको बाटो पार गर्दै आएका हुन् । यस्ता दलहरू पनि आजको दिनमा देशको सामाजिक आर्थिक रूपान्तरणको लागि अयोग्य देखा परेका छन् ।

दलभित्र असल र क्षमतावान् व्यक्तिको कमि भएर पुराना दलहरू असफल भएका होइनन् । यिनीहरूले राज्य सञ्चालनका संस्थाहरू (state institutions) जस्तै संसद्, मन्त्रालय, राजनीतिक दलहरू आदिको दिगो जग, सामूहिक र संस्थागत क्षमताको विकास गर्न नसक्दा हामी सबैले आजको परिणाम भोग्नुपरेको छ । त्यसैले, गठबन्धनमा कुनै नयाँ दल र अनुहारहरू थपिंदैमा सरकार सञ्चालनको प्रकृतिमा त्यसले तात्विक फरक पार्न सक्दैन ।

यी पुराना दलहरूको असफलता र यसले राष्ट्रिय रुपमा निम्त्याएका परिणामहरू बुझ्न नखोजी यिनीहरूसँगै गठबन्धनको च्याँखे थाप्न जाने हतारोले रास्वपा जसरी उदायो, त्यसैगरी अस्ताउने बाटो रोजेको छ ।

गठबन्धनको पक्ष बनेर भागबन्डामा मन्त्री हुनेहरूको नैतिक र राजनीतिक धरातल कमजोर हुन्छ र यो बाटो नै गलत हो। यसले मन्त्री पदको वजन र वैधानिकतालाई खल्लो बनाइदिएको छ । गठबन्धनको सरकारमा रहेर मन्त्रीहरूले दैनिक प्रशासनिक काम (जुन काम गर्न मन्त्री भए पनि नभए पनि फरक पर्दैन) बाहेक परिणाममुखी काम गर्न सम्भव छैन । किनभने, हाम्रा मन्त्रालयहरूको क्षमता, संस्थागत संरचना, मन्त्रीहरूकै वैधानिकता, कर्मचारीहरूको काम गर्ने शैली र संस्कारमा समस्या मात्र छन् ।

यस्तो सरकारमा रहेका चतुरे मन्त्रीहरूले गर्ने काम भनेको धारावाहिक रूपमा निर्देशन दिइरहने र आफूलाई पपुलिज्मको वरिपरि घुमाइरहने हो । उदाहरणको लागि, पूर्व पर्यटन मन्त्री सुदन किराती लगायतले गठबन्धनका मन्त्रीहरू कसरी पपुलर हुनसक्छन् भनेर मार्ग निर्देशन गरिसकेका छन्। यो मार्गमा रास्वपा अरू दलका मन्त्रीहरू भन्दा अगाडि दौडिनेछ ।

चुनाव अगाडि बाचापत्र मार्फत आफूले निर्माण गर्न खोजेको राजनैतिक आधार र सीमा मिचेर गठबन्धनको राजनीतिमा सामेल रास्वपा कुन अर्थमा भोलिको विकल्प र जिम्मेवार राजनीतिक दल बन्न सक्ला ? यो प्रश्नको जवाफ नमिल्दै रास्वपा अस्त पनि हुनसक्छ ।

*(साभार: अनलाइनखबर)*

# किन कमजोर भयो थारुवानमा माओवादी ?

✍ लक्ष्मी चौधरी

कुनै समय थियो, पश्चिम नेपालमा नामको पछाडि थारु र चौधरी जोडिनेबित्तिकै उसलाई माओवादी भनेर चिनिन्थ्यो । तत्कालीन राज्यले थारु जाति भएकै कारण पनि सयौं निर्दोष नागरिकको हत्या गरेको थियो । थारु भएकै कारण धेरैले अमानवीय यातना भोग्नुपऱ्यो । जनस्तरमा पनि थारुहरू स्वत: माओवादी हुन्छन् भन्ने मान्यता स्थापित थियो ।

माओवादी जनयुद्धमा हजारौं थारु लागेका थिए । थारु बाहुल्य क्षेत्र माओवादी आधार इलाका बनेका थिए, रोल्पा-रुकुमजस्तै । यही कारण पनि जनयुद्धमा मगरपछि धेरै बलिदानी थारु समुदायबाट भएको देखिन्छ । जनयुद्धमा बस्ती-बस्तीमा पसेर राज्यले आतङ्क मच्चाएको थियोह हत्या, दमन, आगजनी र बलात्कारका दर्जनौं घटना तत्कालीन राज्य सत्ताबाट भएका थिएह यसले गर्दा पनि थारु समुदायका आम सर्वसाधारण विद्रोहमा सामेल भएर दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा सफलतापूर्वक नेतृत्व गरेह यी इलाका माओवादीका आधार इलाका थिए । २०६४ को पहिलो संविधानसभामा थारु बाहुल्य सबै निर्वाचन क्षेत्रमा नेकपा माओवादी भारी मतका साथ विजयी भएको थियो ।

थारुवान प्रदेशबाट निस्केर समग्र जनयुद्धको नेतृत्व गर्ने कैलाली टीकापुरका मंगलप्रसाद चौधरी, कैलालीकी जोखन चौधरी, जगत चौधरी, जुना चौधरीलगायत जनतामा स्थापित सयौं नेताले सहादत प्राप्त गरे । कैलालीकै विनोद चौधरीलगायत दर्जनौं नेता बेपत्ता बनाइए । राज्यको त्यो चरम दमन र आतङ्क चिरेर कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङलगायत थारुवानका जिल्ला माओवादीका आधार इलाका बनेका थिए । थारु समुदायबाट उदाएका नेता कमरेड रामचरण चौधरी, लक्ष्मण थारु, सन्तकुमार थारु, इन्द्रजित थारु, नेपबहादुर चौधरी, देवीलाल चौधरी, रूपासोसी थारु, वीरमान चौधरीलगायत दर्जनभन्दा बढी नेता माओवादी आन्दोलनका लागि थारुवान प्रदेशका आधारस्तम्भ भएर निस्किएका थिए । जसले गर्दा थारुवान आधार इलाका बनेको थियो । यति ठूलो त्याग, वीरता, बलिदान गरेको थारु समुदाय अहिले माओवादी आन्दोलनबाट किन ओझेल पर्न खोजेको छ ? यस आलेखमा यो विषय उठाउन प्रयत्न गरेकी छु ।

सुरुवाती चरणमा थारुहरू माओवादी जनयुद्धमा सुस्तसुस्त जोडिएका थिए, जब माओवादीले वर्गीय मुक्ति आन्दोलनमा जातीय मुक्ति आन्दोलनलाई जोड्यो, त्यसपछि बस्तीका बस्ती थारुहरू जनयुद्धमा हाम फालेको देखिन्छ । थारु समुदायका कतिपयलाई जात, भाषा, भूगोल र रङका आधारमा कमैया-कमलरी बनाइएको थियो । जमिनदारको घरमा नारकीय दास जीवन जिउन बाध्य तराईका भूमिपुत्र मानव भएर जिउन पाएका थिएनन् । उनीहरू स्थानीयदेखि राजधानीसम्मका कथित ठुलाबडाका घरमा घरेलु दास भएर नारकीय जीवन जिउन बाध्य पारिएको थियो । त्यसका विरुद्धमा माओवादीले उठाएको हतियारबद्ध आन्दोलनले स्वाभाविक प्रभाव पाऱ्यो । अझ आफ्नो भूगोल र पहिचानको विषय अगाडि आएपछि थारु समुदायले जनयुद्धलाई आफ्नो मुक्तियुद्धका रूपमा लिएको थियो ।

सैद्धान्तिक रूपमा वर्गीय मुक्ति आन्दोलनलाई जातीय मुक्ति आन्दोलनसँग जोड्ने र भूमिपुत्र थारु समुदाय बाहुल्य क्षेत्रलाई थारुवान राज्य बनाउने निर्णयले तत्कालीन सत्ताका एकाध दलालबाहेक आम थारु समुदाय उत्साहित भयो र जनयुद्धमा जोडियो । उत्पीडित जातजाति, वर्ग र समुदायका सवालमा जनयुद्धमा उठाइएका मुद्दाबाट माओवादी पार्टी आज पनि विचलित भएको छैन, प्रतिबद्ध नै छ । अहिले थारु समुदाय माओवादीप्रति आकर्षित हुन सकेको छैन, यसैको फाइदा उठाउँदै केही जातीय र क्षेत्रीय विषय मात्र उठाउने जातीय झिल्का पनि देखिए । हिजो पनि र आज पनि थारुको भाषा-संस्कृतिको रक्षासहितको पहिचानका विषयमा माओवादी पार्टी प्रतिबद्ध छ । यद्यपि आफ्ना एजेन्डाको उठान गर्ने र आफ्नै भाइ, छोराछोरीले सहादत प्राप्त गरेको माओवादी पार्टीप्रति थारु समुदाय आज किन विश्वस्त हुन सकेन ? यसमा मूलभूत रूपमा तीन कारण रहेका हुन सक्छन् ।

पहिलो कारण– माओवादी पार्टी शान्ति प्रक्रियामा प्रवेश गर्दै गर्दा तत्कालीन शक्ति सन्तुलनका हिसाबले सबै एजेन्डा पूर्ण हुन सकेनन् । पहिलो संविधानसभाजस्तो दोस्रो संविधानसभा हुन सकेन, यसले गर्दा जनताका कैयौं विषयलाई संविधानमा समेट्न सकिएन । हामी आफ्नो विचारमा प्रतिबद्ध छौं भनी जनतामा जान माओवादी पार्टीले ढिला गऱ्यो । यसैको फाइदा उठाउँदै केही साम्राज्यवादी शक्तिबाट परिचालित तत्त्वले उत्पीडित समुदायमा भ्रम सिर्जना गरे र माओवादी आन्दोलनलाई उत्पीडित समुदायबाट कटाएर कमजोर बनाउने खेल सुरु भयोह जसलाई माओवादी पार्टीले समयमै चिर्न सकेन ।

दोस्रो कारण– जनयुद्धको कुशलतापूर्वक नेतृत्व गरेका कमरेड रामचरण चौधरीजस्ता नेताको देहावसानले ठूलो क्षति भयो । युद्धकालमै माओवादी पार्टीको शीर्ष तहमा पुग्नुपर्ने नेताहरू तत्कालीन राज्यबाट हत्या गरिएह उनीहरूको सहादतले आन्दोलनमा ऊर्जा त थप्योह नेतृत्वको अभाव भने खड्की रह्यो । केही नेता माओवादी आन्दोलनबाट विचलित हुन पुगे । पार्टी शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि बाँकी नेतृत्व पनि आफ्नो निर्वाचन क्षेत्रमा मात्र सीमित रहँदा समग्र थारु समुदायले आफ्नो समुदायको नेतृत्व अभिभावक देखेन । जसका कारण त्यो समुदाय निराश हुन पुग्यो ।

तेस्रो कारण– पार्टी केन्द्र, प्रदेश र जिल्लाले पनि माओवादी पार्टी नीतिमा स्पष्ट रहेको कुरा प्रस्ट पार्दै उत्पीडित समुदायबाट नेतृत्व विकासमा जोड दिनुपर्ने थियो, जुन अपेक्षाकृत हुन सकेन । जसले गर्दा थारु समुदायका कतिपयले माओवादी पार्टीप्रति आस्था त्याग्दै गए । यसमा केही जातीय र क्षेत्रीय शक्तिहरू पनि लागे र माओवादी आन्दोलनलाई कमजोर बनाउने प्रयत्न गरियो ।

अत: अहिले माओवादी पार्टीले सञ्चालन गर्न लागेको हुलाकी राजमार्गको अभियानमा थारु र मधेसी समुदायलाई माओवादी पार्टीको नीतिका बारेमा र उत्पीडित समुदायको विषयमा आफ्नो धारणा प्रस्ट पार्दै जहाँ जुन समुदायको बाहुल्य छ, त्यहाँ त्यही समुदायको नेतृत्व विकास गर्ने काममा जोड दिनुपर्छ, त्यसो गर्न सकेमा हिजो जनयुद्धमा आफ्नो सम्पूर्ण सुम्पिएको थारु समुदाय फेरि उत्साहित हुनेछ र थारुवान क्षेत्र पुन: माओवादीको आधार भूमि बन्न सक्छ । *(साभार: रातोपाटी)*

# होली सुरु भएको 'प्रह्लादपुरी मन्दिर'मा पुग्दा

✍ डा.मदन कुमार पिया

फागु पूर्णिमा अर्थात रंगहरुको पर्व । संसारभरी छरिएर रहेका हिन्दु धर्मावलम्वीहरुले धुमधामका साथ होली पर्व मनाउने गर्छन । हिन्दुहरुले विभिन्न रंगहरुको प्रयोग गरी साथी भाई आफन्त, नातागोता र छरछिमेकीसंग मिलेर यो पर्व मनाउने कुरा धेरैलाई थाहा छ । तर मुसलमान समुदायले पनि रंगहरुको पर्व होली मनाउँछन भन्ने सुन्दा म पनि छक्कै परें, जब म फागुनमा पाकिस्तानको मुल्तान शहरमा पुगें ।

नेपाल, भारत लगायतका हिन्दु धर्मावलम्वीहरुले विभिन्न रंगको प्रयोग गरी होली मनाएतापनि पाकिस्तानमा रहेका मुसलमान समुदायले भने पहेलो रंग मात्रै लगाएर होली मनाउने रहेछन भन्ने कुरा पनि त्यहाँ पुगेपछि थाहा पाएँ । कुनै पनि खुशियाली र शुभकार्यमा उनीहरु पहेंलो रंग प्रयोग गर्ने रहेछन् । अंग्रेजी महिना (यसै महिना) को मार्च १ देखि ३ तारीखसम्म पाकिस्तानको राजधानी इस्लामाबादमा पाकिस्तान क्लिनिकल अंकलोजी समाजको आयोजनामा हुन लागेको क्यान्सर सम्मेलनमा भाग लिन म पाकिस्तान जाने तयारीमा थिएँ । सार्क क्यान्सर विशेषज्ञहरुको महासंघ सार्क फेडरेशन अफ अंकोलाजिष्टको संस्थापक अध्यक्ष तथा संरक्षकको नाताले मलाई त्यो सम्मेलनमा भाग लिन निम्तो थियो ।

इस्लामाबादको त्यो सम्मेलन शुरु हुनुभन्दा केही दिन अघि पाकिस्तानकै अर्को मुल्तान शहरमा हुन लागेको निस्टर मेडिकल विश्वविद्यालयले २६ फेब्रुअरीदेखि आयोजना गरेको फोक्सोको क्यान्सर सम्वन्धि अर्को सम्मेलनमा भाग लिन मुल्तान शहरमा गएँ ।

पाकिस्तानको राजधानी इस्लामाबाददेखि मुल्तान शहर करिब ५३७ किलोमिटर टाढा तर विकसित शहर रहेछ । सो शहर करीव ४ हजार वर्ष पुरानो रहेको थाहा पाँए । जहाँ, मुसलमानहरुको मस्जिद, इसाईहरुको चर्चको साथै हिन्दु र जैनहरुको लागि भिन्नाभिन्नै मन्दीर रहेछ । अर्थात भनौं त्यति पुरानो शहरमा सबै धर्मावलम्वीहरुका लागि समान रुपमा धार्मिक आस्थाका ठाउँहरु रहेछन ।

भारत अर्थात हिन्दुस्तानबाट बहुमत मुसलमान समुदाय छुट्टिएर अर्को मुलुक पाकिस्तान बन्नुअघि हालको पाकिस्तानको मुल्तान शहरमा हिन्दु र मुसलमान राजाहरुले राज गरेका रहेछन् । नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान देश बन्नुअघि त्यतिखेर भारत लगायत दक्षिण एशियाली मुलुकहरुलाई 'भारत वर्ष' मानिने गरिएको इतिहासमा पढ्न पाइन्छ । वास्तवमा होलीसंग सम्वन्धित कथा त अहिलेको पाकिस्तानको मुल्तान शहरमा रहेको 'प्रह्लादपुरी मन्दिर'बाट शुरु भएको रहेछ ।

राक्षस राजा हिरण्यकश्यपुलाई मारेर प्रह्लादलाई राजा बनाएपछि त्यो दरवारलाई भक्त प्रह्लादको नामबाट 'प्रह्लादपुरी मन्दिर' बनाइएको रहेछ । भक्त प्रह्लाद तिनै राक्षस राजा हिरण्यकश्यपुका छोरा थिए ।

भगवानबाट वरदान पाएपछि उग्र बनेका हिरण्यकश्यपुलाई भगवान विष्णुले नर र सिंहको 'संयुक्त' रुप धारण गरी आफ्नो काखमा राखेर आफ्नो हातका नङ्गले पेट चिरेर मारेको विष्णु पुराणमा पढ्न पाइन्छ ।

त्यसो त आगोमा नजल्ने वरदान पाएकी हिरण्यकश्यपुकी वहिनी होलिकाले विष्णुभक्त प्रह्लादलाई आगोमा जलाएर मार्न खोज्दा उल्टै होलिका जलेर भष्म भएकी हुनाले त्यसको खुशियालीमा होली पर्व मनाउन थालिएको मुख्य किंवदन्ती छ ।

पाकिस्तानका एकजना प्राध्यापकको सहयोगमा म त्यो मन्दीरको भग्नावशेष भएको ठाउँसम्म पुगें अनि नजिकै रहेको संग्रहालयमा गएर त्यसको भित्तामा सजाएर राखिएका भक्त प्रह्लाद, नरसिंह अवतार र हिरण्यकश्यपुको तस्वीरहरु हेरेर फोटो खिचें ।

भारतका अतिवादी हिन्दुहरुले सन् १९९२ मा दिल्लीको बाबरी मस्जिद तोडफोड गरेको बदलामा पाकिस्तानको मुल्तान शहरमा रहेको हिन्दु धर्मावलम्वीहरुको ऐतिहासिक र धार्मिक मन्दिर तोडफोड गरेपछि अहिले त्यो मन्दिर भग्नावशेष बनेको रहेछ । त्यसलाई जिर्णोद्धार या पुननिर्माण गरिएको रहेनछ । पाकिस्तानको पुरातत्व कार्यालयले त्यसको रेखदेख चाँहि गरेको रहेछ ।

*साभार:न्यूज पोलर अनलाइन*

# बाँझो जग्गा खोजेर सामूहिक खेती गर्दै विप्लव

बुटवल/नेत्रविक्रम चन्द

विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले हिजोआज देशका धेरै ठाउँमा सामूहिक खेती गरिरहेको छ ।

शैक्षिक संस्था र व्यक्तिका बाँझो जग्गा भाडामा लिएर देशका विभिन्न जिल्लामा गरी करिब ८० ठाउँमा सामूहिक खेती गरिएको सो पार्टीका नेताहरुले बताएका छन् । नेकपाले केही ठाउँमा उद्योग पनि सञ्चालन गरेको छ ।



नेकपाले केन्द्रीय कार्यालय रहेको कपिलवस्तुको शिवगढीमा तीन बिघामा खाद्यान्न बाली, अर्घाखाँचीको शीतगंगामा १५० रोपनीमा गाई र कुखुरापालन, तरकारी तथा फलफूल खेती गरेको छ ।

पार्टीका पोलिटब्यूरो सदस्य एवं राप्ती ब्यूरो इन्चार्ज सविनका अनुसार रोल्पाको घर्तीगाउँमा १५ रोपनीमा आलु र लसुन खेती, दाङको घोराही उपमहानगरपालिका-१६ गेरुवाको ६ बिघामा कृषि फार्म, आलु र तरकारी खेती गरिएको छ ।

दाङकै बेलझुण्डीमा २५ बिघा भाडामा लिएर खेती गरिएको छ । जसमध्ये ५ बिघामा माछापालन गरिएको छ । यस्तै सल्यानको छत्रेश्वरी गाउँपालिकामा १३ रोपनीमा कागती रोपिएको छ भने बर्दियामा धानखेती गरिएको छ ।

पार्टीको केन्द्रीय उत्पादन विभागका नेता सन्देश पौडेलका अनुसार चितवनको माडीमा १५ बिघा जग्गा ९ वर्षका लागि भाडामा लिएर ६ बिघामा माछापालन गरिएको छ । त्यस्तै ५ बिघामा चैते धान र बाँकीमा मकै, तोरी, आलु खेती र मौरी पालन गरिएको छ ।

एक वर्षयता पार्टीले आयोजना गर्ने ठूला-साना कार्यक्रममा खाना र खाजाका लागि अधिकांश वस्तु बजारमा किन्नुनपरेको राप्ती ब्यूरो इन्चार्ज सविनले बताए ।

यस्तै काठमाडौंमा दुईवटा गार्मेन्ट उद्योग, कपिलवस्तुमा सफाइ सामग्री उत्पादन गरिरहेको उत्पादन विभागका नेता पौडेलले बताए । नेकपाले काठमाडौं र नुवाकोटको बीचमा पानी उद्योग तथा सुनसरीको झुम्कामा आलु चिप्स उत्पादन उद्योग स्थापनाको तयारी गरेको छ ।

यस्तै काठमाडौंसहित प्रमुख शहरमा आफ्ना कृषि उत्पादन बिक्रीका लागि मार्ट (ठूला पसल) सञ्चालन गर्ने तयारी भएको नेता पौडेलले भने ।

'हाम्रो पार्टीको अहिलेसम्म सातवटा केन्द्रीय उत्पादन ब्यूरो, २२ वटा उत्पादन ब्यूरो, ४१ वटा जिल्लास्तर, ७ वटा जनवर्गीय संगठनस्तर र ३ वटा विभागस्तरका इकाइमार्फत उत्पादन भइरहेको छ', उनले भने, 'जिल्ला कमिटीसम्मका कम्तीमा तीन सयजना नेता कार्यकर्ताहरु उत्पादन र उद्योगमा प्रत्यक्ष संलग्न छन्, एक्लै भन्दा सामूहिक खेती गर्दा धेरै सहज र आम्दानी पनि बढी हुँदो रहेछ ।'

हालै जुम्ला र कालीकोटमा १५ सय भन्दा बढी स्याउका बिरुवा रोप्ने अभियानमा महाचिव विप्लव पनि सहभागी भएका थिए । अर्को वर्षसम्म जुम्ला, कालीकोट र आसपासका जिल्लामा २२ हजार वर्गमिटर क्षेत्रफलमा १० हजार बोट स्याउ रोप्ने लक्ष्य नेकपाको छ ।

यस्तै सिलाइ कटाइ, कपाल काट्ने, पानीपुरी बेच्ने व्यवसायमा पनि पार्टीका ५० जना भन्दा बढी कार्यकर्ता सामूहिक रुपमा लागेको उत्पादन विभाग नेता पौडेलले बताए ।

पार्टीको नवौं महाधिवेशनले पारित गरेको कम्युनिष्ट अर्थ दृष्टिकोणको दस्तावेजमा आधारित रहेर आत्मनिर्भर नेता, आत्मनिर्भर कार्यकर्ता र आत्मनिर्भर देश बनाउने उद्देश्य अनुसार कृषि र उद्योगमा संलग्न भएको राप्ती ब्यूरो इन्चार्ज सविनले बताए ।

'केही समययता पार्टी र जनवर्गीय संगठनका कार्यक्रममा हामी आफैंले उत्पादन गरेको धानको भात, तरकारी, माछा र मासु र मह खान थालेका छौं, कसैसंग चन्दा माग्न परेको छैन बरु जाजरकोट र रुकुमका भूकम्प पीडितलाई पार्टीले उत्पादन गरेको २५ क्वीन्टल चामल बांड्यौं'-सविनले भने, ''हाम्रो कृषि उत्पादन अभियानले आशा,विश्वास र भरोसाको सिँचाइ गरेको छ ।'

अरु दलले पनि यसरी नै कृषिलाई व्यवहारमै प्राथमिकता दिने हो भने देश आत्मनिर्भर बन्ने उनले बताए ।

पार्टीले हरेक वर्षको असार १० देखि ३० गतेसम्मलाई श्रम दिन घोषणा गरेर पार्टीका सबै कार्यक्रम रोकेर व्यक्तिगत, पार्टी र समुदायको खेतमा पुगेर श्रमदान गर्नपर्ने तथा हरेक दुई महिनामा एक दिन श्रम गरेर पारिश्रमिक पार्टीलाई दिनुपर्ने नीति बनाएको छ ।

'सामूहिक खेती प्रणालीबाट उत्पादन गर्न थालेपछि पार्टी पंक्तिमा उत्साह र आशा पलाएको छ', सन्देशले भने, 'उत्पादनको ६० प्रतिशत आम्दानी हिस्सा पार्टी केन्द्रमा जान्छ ।' बाँकी ४० प्रतिशतलाई सय प्रतिशत मानेर ७० प्रतिशत आम्दानी कृषि फार्ममा काम गर्ने नेता कार्यकर्ताले राख्छन् भने ३० प्रतिशत सञ्चालन खर्च राखिने सन्देशले बताए ।

तीन वर्षभित्र देशभर एक हजार बिघामा खाद्यान्न, तरकारी, फलफूल खेती तथा पशुपंक्षी, माछा र मौरीपालन सहितका कृषि उद्यम गर्ने र १० हजार जना नेता कार्यकर्ता उत्पादनमा जोडिने लक्ष्य नेकपाले राखेको छ । कृषिको काम सहकारी मार्फत गर्ने उद्देश्यले नेकपाका ३० जना नेता कार्यकर्ता सञ्चालक रहेको जनश्रम कृषि सहकारी संस्था दर्ता गरिएको छ ।

'पार्टी र तिनीहरुका भातृ संगठनका नेता भन्नेवित्तिकै बजारमा सधैं चन्दा मागेर खाने प्राणी भन्ने भाष्य छ', उत्पादन व्यूरोका नेता सन्देशले भने, 'हामी अहिले चन्दाको रुपमा पैसा माग्न जादैनौं बरु हाम्रा उत्पादन खरिद गरिदिनुस् भन्न जान्छौं ।' सामूहिक खेती प्रणाली र उद्योग सञ्चालन अभियानमा थुप्रै युवा र विद्यार्थी जोडिएका नेकपाको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# साम्राज्ञीदेखि स्वस्तिमासम्म, को -कहाँ खेल्दै छन् होली ?



काठमाडौं/होली अर्थात फागु रङ्गहरूको पर्व हो । होली आइतबार काठमाडौं उपत्यकालगायत देशभरका पहाडी जिल्लाहरूमा धूमधामकासाथ मनाइँदै छ । वसन्त ऋतुलाई स्वागत गर्दै मनाइने होली अवसरमा विभिन्न कार्यक्रम समेत आयोजना गरिएको छ । जसमा नेपाली कला क्षेत्रका सेलिब्रेटीहरु सहभागी हुनेछन् ।

अभिनेत्री प्रियंका कार्की होली मनाउन लैनचौरस्थित होटेल मल्लको खुला चौरमा आयोजना हुने कलर स्प्लास कार्यक्रममा सहभागी हुँदै छिन् । मल्ल होटेलपछि उनी गोदावरी भिलेज रिसोर्टमा आयोजना हुने होली कार्यक्रममा सहभागी जनाउँछिन् । जसको जानकारी उनले सामाजिक सञ्जाल मार्फत दिएकी हुन् ।

मिस नेपाल मालिभका सुब्बा पनि होटल मल्लमा आयोजना हुने कलर स्प्लास नामक होली विशेष कार्यक्रममा सहभागी हुनेछिन् । उनले उक्त कार्यक्रममा आफू सहभागी हुने जानकारी सामाजिक सञ्जालबाट दिँदै सहभागीका लागि सबैलाई आह्वान गरेकी छन् ।

त्यस्तै अभिनेत्री स्वस्तिमा खड्का भने कुपण्डोलस्थित होटल हिमालयनमा आयोजना हुने होली विशेष कार्यक्रममा सहभागी हुनेछिन् । कलर रस नामको होली विशेष कार्यक्रममा रमाइलो बनाउन उनले सामाजिक सञ्जालबाट आग्रह गरेकी छिन् ।

अभिनेत्री पूजा शर्माले आफ्नै झम्सिखेलस्थित रेस्टुराँ ट्यागमा होली कार्यक्रम राखेकी छन् । पूजाले भिन्दा-भिन्दै तरिकाले ट्यागमा होली कार्यक्रम आयोजना हुने सामाजिक सञ्जालमा जनाएकी छन् ।

अभिनेत्रीद्वय बेनिशा हमाल तथा साम्राज्ञी राज्यलक्ष्मी शाह पनि मल्ल होटलमा आयोजना हुने कार्यक्रममा सहभागी हुनेछन् । जसको जानकारी उनीहरुले सामाजिक सञ्जालमा मार्फत दिएका छन् ।

# 'डिग्री माइला' : नाटक र फिल्ममा के फरक छ ?

काठमाडौं/अभिनेता दयाहाङ राईको नाट्यकर्मको एउटा पानीढलो मानिन्छ, 'डिग्री माइला' । यसले नाटक निर्देशनमा उनलाई नयाँ पहिचान दिलाएको थियो । २०६९ सालमा पहिलोपटक मण्डला थिएटरमा यो नाटक मञ्चन गरिएको थियो । २०७१ सालमा पुन: मञ्चन भयो । अब यही नाटकको आइडिया र नाममा फिल्म निर्माण भएको छ । फिल्मको निर्देशक भने 'कबड्डी' श्रृंखलाका रामबाबु गुरुङ हुन् ।



शैक्षिक बेरोजगारीको कथामा नाटक केन्द्रित थियो । फिल्मले उठाएको विषय पनि यही नै हो । तर, त्यसलाई फिल्ममा भन्ने तरिका फरक रहेको दयाहाङको दाबी छ । शुक्रबार फिल्मको ट्रेलर रिलिज कार्यक्रममा उनले पत्रकार सँग भने, 'आइडिया एउटै भए पनि त्यसलाई भन्ने तरिका फरक भएकाले एउटै 'टेस्ट' नआउन सक्छ ।' फिल्म र नाटकको परिवेश नै फरक रहेको उनको भनाई छ ।

'कुनै समय हामीले एउटा पात्रमाथि छलफल गरेका थियौं । मैले भोगेको परिवेशमा लगेर नाटकलाई ढालेको थिएँ । फिल्ममा चाहिँ त्यसको परिवेश फरक छ,' उनी प्रष्ट्याउँदै भन्छन्, 'पात्रको 'एसेन्स' मैले नाटकबाट समातेको भए पनि त्यसको मनोविज्ञान फरक छ । नाटकमा मैले देखेको र भोगेको पात्र थियो । यसमा रामबाबुले देखेको र भोगेको पात्र छ । तर पनि केही चीज मिल्न सक्छ ।'

रामबाबु भने फिल्म बनाउने समयमा भन्दा रिलिजको बेला बढी डर लाग्ने अनुभव सुनाउँछन् । 'मलाई फिल्म हलमा गएपछि कस्तो प्रतिक्रिया आउँछ भन्ने कुराले डर लाग्छ,' उनी भन्छन्, 'कहाँ विगारियो, कहाँ के भन्न खोजेको थिएँ, के भन्न सकिएन भन्ने कुरा हुन्छ । नभए त एउटा आइडिया, पात्र, परिवेशमा छलफल गरेर आत्मविश्वास भएपछि काम गर्ने भएकाले फिल्म बनाउँदा डर लाग्दैन ।'

# काठमाडौंमा फागु पर्व लक्षित तीन हजार सुरक्षाकर्मी तैनाथ

काठमाडौं/जिल्ला प्रहरी परिसर काठमाडौंले फागु पर्व (होली) लाई सुरक्षित र मर्यादित बनाउन उपत्यकामा कडाइ गर्ने भएको छ । होलीलाई लक्षित गरी काठमाडौंमा तीन हजार सुरक्षाकर्मी खटिने भएका छन् ।

होली पर्वका दिन काठमाडौंमा उच्छृंखल गतिविधि गर्ने, लागू पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने, मादक पदार्थ सेवन (मापसे) गरी हो-हल्ला गर्ने, सर्वसाधारणलाई त्रसिद बनाउनेलगायत क्रियाकलाप गर्नेलाई कारबाही गरिने जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

'हामीले सभ्य, भव्य तरिकामा फागु पर्व मनाउन सबैमा आग्रह गरेका छौं । कानुन विपरीत अवाञ्छित तथा उच्छृंखल गतिविधि गर्नेलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाही गरिने छ', उनले भने ।

यस वर्षको होली पर्वका लागि दुई हजार पाँचसय पोसाकधारी र पाँच सय सादा पोसाकका गरी तीन हजारको संख्यामा प्रहरी खटिने जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

होली खेल्नेहरुको समूह तथा भीडमा सादा पोसाकका प्रहरी ठूलो संख्यामा परिचालन हुने भएकाले कोही कसैले पनि कानुन विपरीतका गतिविधि गरेको पाइए तत्काल पक्राउ गरिने प्रहरी उपरीक्षक अधिकारीले बताए ।

'काठमाडौंका विभिन्न वडामा शान्त वातावरणमा पर्व मनाउन आग्रहसहित माइकिङ गर्दै आएका छौं', प्रहरी उपरीक्षक अधिकारीले भने, 'हाम्रो चाहना भनेको शान्त र सभ्य होली मनाउनूस् भन्ने हो । हाम्रो आग्रहलाई अटेर गरी कानुन विपरीत क्रियाकलाप गरेमा कानुनी दायरामा ल्याउने छौं ।'

अवाञ्छित र उच्छृंखल गतिविधि हुन नदिन काठमाडौंमा भोलि बिहानैदेखि चेकजाँचको व्यवस्था मिलाइएको प्रहरीले जनाएको छ । अनावश्यक हर्न बजाउने, होहल्ला गरी सवारी चलाउने, ठूलो आवाज निकाल्ने वा बजाउने, मोटर साइकलमा तीनजना चढ्ने, हेल्मेट नलगाउने, तीव्र गतिलगायत क्रियाकलापमा संलग्नलाई निगरानी गरी कारबाही गरिने प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए ।

मापसे र लापसे सेवन गरी सवारी चलाउने चालकलाई कडाइका साथ चेकजाँचको व्यवस्था मिलाएको भन्दै अनुमतिबिना रङ दल्ने, लोला हान्ने, जिस्काउनेलगायत गतिविधि गर्नेलाई समेत कारबाहीको दायरामा ल्याइने जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिए ।

*(स्रोत: अनलाइनखबर)*

## एनभीए भलिबल च्याम्पियनसिप :

# आर्मीमाथि रोमाञ्चक जितसँगै हेल्प नेपाल च्याम्पियन

काठमाडौं/हेल्प नेपालले आरबीबी आठौं एनभीए भलिबल च्याम्पियनसिप अन्तर्गत पुरुषतर्फ फाइनलमा त्रिभुवन आर्मी क्लबलाई हराउँदै च्याम्पियन बनेको छ । शनिबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको फाइनल खेलमा हेल्प नेपाल ३-२ ले विजयी हुँदै उपाधि जितेको हो ।




हेल्प नेपालले रोमान्चक खेलमा २०-२५, २७-२५, २३-२५, २९-२७, २२-२० ले जितेको हो ।

पहिलो सेटको सुरुवातमा आर्मी ८-४ को अग्रता लिएको थियो । आर्मीलाई कभर्डहलमा दर्शकको पनि राम्रो साथ मिलेको थियो । आर्मीले लगातार ४ अंकको अग्रता कायम गरेपछि हेल्प नेपाल दबाबमा परेको थियो ।

सेमिफाइनलमा चल्न नसकेका मानबहादुरले पहिलो सेटदेखि नै उत्कृष्ट प्रदर्शन गरेका थिए । धनबहादुर र हरि अधिकारीले पनि त्यतिनै प्रभाव छाडे । २३-१८ हुँदै सहज जितको आधार तय गरेको थियो । आर्मी २५-२० ले विजयी हुँदै सेटमा विजयी सुरुवात गरेको थियो ।

दोस्रो सेटको सुरुवातदेखि नै प्रतिस्पर्धा उच्च बनेको थियो । तीन पाकिस्तानी खेलाडीलाई रोक्दै आर्मी ११-८ ले अघि बढेको थियो । १४-९ ले पछि परेपछि हेल्प नेपालले पाकिस्तानका दुई खेलाडी फखार उदिन र कासिफ नवीदलाई बेन्चमा राखेको थियो ।

केही समय विश्रामपछि फर्केका पाकिस्तानी खेलाडीले राम्रो पुनरागमन गराए । लगातार ४ अंक बटुल्दै २३-२२ ले हेल्प नेपाललाई अघि बढाएपछि खेल रोचक बनेको थियो । दुर्गा महतोको चलाखीपूर्ण स्पाइकमा २४-२४ बराबर भएको थियो । धन र मानबहादुरको शक्तिशाली स्पाइकको सहयोगमा आर्मीले तेस्रो सेट २५-२३ ले जितेको थियो ।

चौथो सेटको सुरुमा हेल्प नेपालले १०-७ को अग्रता लिएको थियो । एक समय ५ अंकले पछि परेको आर्मीले उत्कृष्ट पुनरागमन गर्दै १८-१७ हुँदै अघि बढेको थियो ।

चौथो सेटमा हेल्प नेपालले ८-० को सुरुवात गरेको थियो । आर्मी खेलमा फर्किंदै १३-१५ नजिक पुगेको थियो । राजेन्द्र बिस्ट र धनले लगातार अंक जोडेपछि २२-२२ बराबर भएको थियो । २७ बराबरको रोमान्चक खेलमा हेल्प नेपालले लगातार २ अंकका साथ २९-२७ ले जित्यो ।

निर्णायक पाँचौ सेटमा आर्मीले ५ बराबरबाट लगातार दुई अंक जोडेको थियो । आर्मीले ८-६ मा कोर्ट परिवर्तन गरेको थियो । हेल्प नेपालले ९ मा पुगेर बराबरी गरेको थियो । उच्च प्रतिस्पर्धा भएको खेल २०-२० बराबरीमा पुगेको थियो । हेल्प नेपालले २२-२० ले जित्न सफल हुँदै च्याम्पियन बनेको थियो ।

प्रतियोगिताको दुवैतर्फको विजेताले ५ लाख, दोस्रोले २ लाख ५० हजार र तेस्रो टोलीले १ लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

महिलातर्फ एपीएफ र पुरुषतर्फ पुलिस तेस्रो बने । महिलातर्फ फाइनलमा एभरेष्ट भलिबल क्लब बुटवलले जितेको जित्यो । एभरेष्टले फाइनलमा पुलिसलाई हराएको थियो ।

# नेपाल-युरोपियन युनियन फिल्म फेस्टिभलमा शान्ता नेपाली निर्देशित 'धे ड्रीम्स' उत्कृष्ट

काठमाडौं/नेपाल-युरोपियन युनियन फिल्म फेस्टिभलको १३ संस्करणमा शान्ता नेपाली निर्देशित वृत्तचित्र 'धे ड्रीम्स'लाई उत्कृष्ट फिल्मको अवार्ड प्रदान गरिएको छ ।

स्वयम् मास्के मानन्धर निर्देशित छोटो फिल्म 'द बु, द बाउ, द काफ'लाई उत्कृष्ट मेन्सन पुरस्कार प्रदान गरिएको छ । शनिबार आयोजित समापन समारोहमा युरोपियन डेलिगेसनकी उपराजदूत डा. जोएल इभोनेट्ले अवार्ड वितरण गरिन् ।

विजेता फिल्मकर्मीले यसैवर्ष ब्रसेल्समा आयोजना हुन लागेको नेपाली चलचित्र महोत्सवमा सहभागि हुने अवसर पाउने जनाइएको छ । फेस्टिभलमा छनोट भएका र प्रदर्शन गरिएका ९ लघु फिल्मलाई समेत प्रमाणपत्र प्रदान गरिएको थियो । निर्देशन गर्नु भएको लघु चलचित्रद बु, द बाऊ, द काफलाई स्पेशल मेन्सन गरिएको छ ।



ती फिल्ममा गोपाल आचार्य निर्देशित आखत, समाल बज्राचार्य निर्देशित 'हावाम्यान', निमा गेलु शेर्पाको 'काठमाडौं मनसुन', अतिन श्रेष्ठ निर्देशित 'मखमली उडान', रजिन महर्जन निर्देशित 'लेट्स टक् पिरियड', मिराज रोशन ठकुरी निर्देशित 'रातो पछ्यौरी', आकांक्षा कार्की निर्देशित 'सनाई', सन्तोष दाहाल निर्देशित 'द मिराज' र अनिल कुर्मी निर्देशित 'फेरा' छन् ।

खुला विज्ञापनमार्फत आह्वान गरिएको प्रतियोगितामा ५२ लघु फिल्मले आवेदन दिएका थिए । फेस्टिभलको १३ औं संस्करण काठमाडौंमा चैत्र ७ गतेदेखि १० गतेसम्म आयोजना गरिएको थियो । फेस्टिभलमा ९ युरोपेली फिल्म र प्रतिस्पर्धाबाट छानिएका ११ लघु फिल्म प्रदर्शन गरिएका थिए ।

महोत्सव २०८० चैत २८ र २९ (अप्रिल १० र ११) गते सुदूरपश्चिम प्रदेशमा समेत आयोजना हुने छ । यसैगरी नेपालगञ्जमा वैशाख ३ गते (अप्रिल १५) हुनेछ । कर्णाली प्रदेशको सुर्खेत वीरेन्द्रनगरमा वैशाख ७ र ८ गते (१९ र २० अप्रिल) आयोजना हुने छ ।

# बिजुलीको तार चुँडिएर करेन्ट लाग्दा एकै घरमा ३ जनाको मृत्यु

दाङ/दाङ देउखुरीको राप्ती गाउँपालिकामा विद्युतको तार चुँडिएर करेन्ट लाग्दा एकै घरका तीन जनाको मृत्यु भएको छ ।

शनिबार दिउँसो करिब सवा २ बजेतिर विद्युतको तार चुडिएर करेन्ट लाग्दा राप्ती गाउँपालिका वडानम्बर ३ का ६० वर्षीय गोरखबहादुर केसी, उनकी श्रीमती ५५ वर्षीया दिलसरा र उनीहरूका चार वर्षीय नाती कृष्णाको मृत्यु भएको इलाका प्रहरी कार्यालय भालुबाङले जनाएको छ ।

घर अगाडि खेलिरहेका नातीलाई करेन्ट लागेपछि बचाउन गएका हजुरआमा र हजुरबुबालाई पनि करेन्ट लागेको थियो ।

करेन्ट लागेर तीनैजना गम्भीर घाइते भएका थिए । घाइतेमध्ये हजुरआमा र नातीको लमही अस्पतालमा र हजुरबुबाको बुटवलमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय भालुबाङका प्रमुख प्रहरी निरीक्षक उज्वलबहादुर सिंहले जानकारी दिए ।

# मस्कोमा सन् २००४ पछिकै ठूलो हमला १३३ जनाको मृत्यु

काठमाडौं/रुसको राजधानी मस्कोमा आयोजित कन्सर्टमा हमला हुँदा १३३ जनाले ज्यान गुमाएका छन् । सन् २००४ पछि रुसमा हमलामा ज्यान गुमाउनेहरुको यो नै ठूलो संख्या हो । सन् २००४ मा एक स्कुलमा हमला हुँदा करिब ३०० जनाले ज्यान गुमाएका थिए ।

राजधानी मस्कोमा कन्सर्टमा जम्मा भएका भीडलाई निशाना बनाउनेमध्ये चार संदिग्ध व्यक्ति पक्राउ गरिएको रुसी सुरक्षा अधिकारीहरुले बताएका छन् । घटना लगत्तै राष्ट्रका नाममा सम्बोधन गर्दै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अपराधीहरुलाई नछोड्ने प्रतिवद्धता व्यक्त गरेका छन् । मृतकहरुप्रतिको श्रद्धाञ्जलीमा उनले आइतबार रुसमा राष्ट्रिय शोक घोषणा गरेका छन् । 'कायर अपराधीहरुले हाम्रो नागरिक र बालबालिकालाई निशाना बनाए । उनीहरुलाई हामी छोड्ने छैनौं । जो कोहीबाट निर्देशित भएपनि उनीहरु कारबाहीको दायरामा आउनेछन्', बीबीसीले पुटिनको भनाइ उद्धृत गर्दै लेखेको छ ।

मुलुकलाई रक्तपातबाट सुरक्षित गर्न सुरक्षामा विशेष ध्यान दिइने उनले बताएका छन् ।

## के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# ओमप्रकाशले जिते खुला निबन्ध प्रतियोगिता

साझाकुरा संवाददाता




हेटौंडा, १० चैत/मुख्य न्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशले स्थापना दिवसको अवसरमा आयोजना गरेको निबन्ध प्रतियोगितामा वीरेन्द्रनगर सुर्खेतका ओमप्रकाश चालिसे प्रथम भएका छन् ।

कर्णाली प्रदेशसभामा सहलेखापालको पदमा कार्यरत चालिसेले प्रथम भएसँगै कार्यालयको स्थापना दिवसको अवसरमा १० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । 'संघीयताको सुदृढीकरणमा मुख्य न्यायाधिवक्ताको भूमिका' विषयक निबन्ध प्रतियोगितामा पुरस्कृत हुन सफल पाँच जनामध्ये तीनजना विभिन्न कलेजका विएएलएलवि अध्ययनरत विद्यार्थी भएको कार्यालयका सूचना अधिकारी ठाकुरराम भण्डारीले बताए ।

चैत ९ गते कार्यालयको वेवसाइटमा प्रकाशन गरेको नतिजाअनुसार सिम्रौनगढ नगरपालिका-१० बारा निवासी ऋतिक यादवले द्वितीय स्थान हासिल गरेका छन् । काठमाडौं स्कूल अफ लमा विएएलएलवि पाचौ वर्षमा अध्ययनरत यादवले प्रमाणपत्र सहित सात हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । पृथ्वीनारायण क्याम्पस पोखरामा विएएलएलवि फोर्थ सेमेस्टरमा अध्ययनरत कृष्णध्वज बस्नेतले पाँच हजार रुपैयाँसहित तृतीय पुरस्कार हात पारेका छन् ।

पशुसेवा तालिम केन्द्रमा कार्यरत बासुदेव नाथले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् । उनले कानुनमा स्नात्तक गरेका छन् । फलेबास-७, पर्वत स्थायी ठेगाना भई हाल नेपाल ल क्याम्पसमा विएएलएलवि चौथो सेमिस्टर अध्ययनरत शुभेक्षाले पनि सान्त्वना पुरस्कार प्राप्त गरेकी छन् । सान्त्वना पुरस्कार विजेताहरुले नगद पुरस्कार चार हजार रुपैयाँसहित प्रमाणपत्र पाउने मुख्य न्यायाधिवक्ताको कार्यालयका सहायक न्यायाधिवक्ता राजेन्द्रमणि पौडेलले बताए ।

मुख्य न्यायाधिवक्ताको कार्यालयको बारेमा प्रचारप्रसार गर्ने र रचनात्मक सुझाव प्राप्त गर्ने उदेश्यले खुला निबन्ध प्रतियोगिता आयोजना गरिएको कार्यलयका उपन्ययाधिवक्ता उदयचन्द्र अधिकारीले बताए । प्रतियोगिताका लागि कार्यालयको इमेलमा कुल ६७ वटा निबन्ध प्राप्त भएको कार्यलयका सूचना तथा प्रविधिशाखाका अर्जुन बर्तौलाले जानकारी दिए ।

# वार्षिक संगोष्ठीका लागि प्रज्ञा प्रतिष्ठानद्वारा लेखरचना आह्वान



साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/नेपाल प्रज्ञा प्रतिष्ठानअन्तर्गत सामाजिकशास्त्र विभागले सामाजिकशास्त्र वार्षिक संगोष्ठी २०८१ आयोजना गर्ने भएको छ । राजनीतिक परिवर्तन र नेपाली समाज भन्ने मूल विषयमा हुने यस संगोष्ठीका लागि प्रज्ञा प्रतिष्ठानले शोधकर्ता/लेखकहरुसँग शोधमूलक लेखरचना आह्वान गरेको छ ।

लेखकहरूले राजनीतिक परिवर्तन र नेपाली समाजको अलावा सामाजिकशास्त्रको पठनपाठनमा राष्ट्रिय चिन्तन, इतिहास र समाज, विकास र समाज, द्वन्द्व र शान्ति निर्माण प्रक्रियामा समाज, सामाजिक विभेद र उत्पीडनले पारेका प्रभावहरूलगायत विषयमा पनि लेख्न सक्नेछन् । प्राप्त शोधमूलक लेखरचना मध्ये २५ वटा उत्कृष्ट लेखरचना संगोष्ठीमा प्रस्तुतिका लागि छानिने छ ।

समयको परिवर्तनसँगै भएका राजनीतिक परिवर्तन तथा विकासबारे भएका शोधमूलक कार्यलाई प्रोत्साहन गरी सहयोग गर्न र सामाजिक विज्ञानको क्षेत्रमा थप ज्ञाननिर्माण गर्न संगोष्ठी आयोजना गर्न लागिएको प्राज्ञ तथा सामाजिकशास्त्र विभागप्रमुख डा. कौशिला रिसालले जानकारी दिइन् । डा. रिसालले सामाजिकशास्त्रका क्षेत्रमा अध्ययन, अनुसन्धानमूलक कार्य गरिरहेका तथा यस क्षेत्रमा थप अध्ययन गर्न चाहनेका लागि संगोष्ठीले प्रोत्साहन पुग्ने विश्वास व्यक्त गरिन् ।

संगोष्ठीमा भाग लिन चाहने व्यक्तिले इमेलमार्फत आउँदो वैशाख १५ गतेसम्म लेखरचना पठाइसक्नुपर्ने बिभागका सदस्य नारायण शर्माले जानकारी दिएका छन् । लेखरचना नेपाली भाषामा पठाउनु पर्नेछ भने यसअघि अन्यत्र प्रकाशन/प्रसारण नभएको हुनुपर्दछ । शोधमूलक लेखरचना तीन हजार देखि चार हजार पाँच सय शब्द भित्रको हुनुपर्नेछ भने शोधकार्यमा आधारित हुनुपर्ने छ ।

# होली सभ्य तवरले मनाउन प्रशासनको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/जिल्ला प्रशासन कार्यालय मकवानपुरले होलीलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाउन आग्रह गरेको छ । प्रशासनले भोलि चैत्र ११ गते आइतबारको फागुपूर्णिमा (होली पर्व) को अवसरमा समस्त नागरिकप्रति शुभकामना दिँदै यस्तो आग्रह गरेको हो ।

साथै प्रशासनले कसैको इच्छा विपरित रंग, लोला, पानी तथा अन्य कुनै पनि पदार्थ छ्याप्ने, मादकपदार्थ सेवन गरी सवारी चलाउने, सार्वजनिक स्थलमा हो-हल्ला गर्ने र कुनै पनि व्यक्तिको निजी जीवनमा नकारात्मक असर पर्ने खालका गतिविधि नगर्न/नगराउनु भनिएको छ ।

# ४१ जनाले गरे रगत्तदान



साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/मकवानपुरको हेटौंडा-८ कमानेमा रहेको निलगिरी बालसमूहले रक्तदान कार्यक्रम आयोजना गरेको छ । कालिकामाई टोल विकास सस्थाको सहकार्य रहेको कार्यक्रममा ४१ जनाले रक्तदान गरेका छन् ।

१८ वर्ष भन्दा कम उमेरका बालबालिकाको समूहले गरेको कार्यक्रममा ३१ जना पुरुष र १० जना महिलाले रक्तदान गरेका थिए । बालसमूह अध्यक्ष सिमोन भट्टराईको सभाध्यक्षता भएको र त्तदान कार्यक्रमको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

बालबालिकालाई सामाजिक कार्यमा सहभागी गराउने तथा हेटौंडामा रगत अभावको कारण कोही पनि बिरामी जोखिममा नपरून भने उदेश्यले रक्तदान कार्यक्रम गरिएको अध्यक्ष भट्टराईले बताए ।

यस्ता कार्यक्रमले समाजमा सकारात्मक सन्देश फैलने साथै र वडालाई बालमैत्री कायम गर्न सहयोग पुग्ने उनले बताए ।

उपप्रमुख राजेश बानियाँ, ८ नम्बर वडाअध्यक्ष रामकृष्ण थापा, जिल्ला रेडक्रस सोसाइटी मन्त्री सुमित्रा काफ्ले, कालिकामाई टोल विकास अध्यक्ष रामकृष्णप्रसाद घिमिरे, वडा जनप्रतिनिधि, टोल विकास समन्वय समितिका बिष्णु अर्याल, बालमैत्री सहजकर्ता रोजिता दंगाल, टोल विकास आमासमूह, निलगिरी बालसमूहका अभिभावक भीमसेन घिमिरे लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो ।

# १४ नम्बर वडामा फल्यो स्ट्रबेरी

साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/हेटौंडा उपमहानगरपालिका-१४, स्थित कालोपानीमा एक कृषकले व्यावसायिकरुपमा गरेको स्ट्रबेरी खेतीले सफलता पाएको छ ।

स्थानीय अर्जुन थिङले एक वर्षअघि करिव ३ कठ्ठामा लगाएको स्ट्रबेरीले आम्दानी दिन थालेको छ । लामो समय भारतमा बसेका थिङ केही वर्षअघि मात्रै आफ्नो गाउँ फर्केर कृषिमा लागेको थिए । करिव ७० हजार लगानीमा गरेको स्ट्रबेरी खेतीबाट थिङले गतवर्षमा डेढ लाख बराबरको बिक्री गरेको जानकारी दिए । यसवर्ष करिब दुई लाख रुपैयाँको स्ट्रबेरी विक्री गर्ने थिङको लक्ष्य छ ।

उनले अहिले स्ट्रबेरी खेतीमा भविष्य सुनिश्चित देखेको बताए । थिङले स्ट्रबेरी खेतीमा राम्रो सम्भावना देखेपछि थप जग्गामा खेती गर्ने तयारी गरेको बताएका छन् । उनले उत्पादन गरेको स्ट्रबेरी प्रतिकिलोग्राम ४५० देखि ५०० मा विक्री हुने गर्दछ । यो फल पिसाबसम्बन्धी रोग भएका बिरामीका लागि उपयोगी मानिन्छ । हिउँदमा फस्टाउने स्ट्रबेरीको वृद्धिविकासका लागि दिनमा २२ देखि २५ डिग्री सेल्सियस र रातमा ७ देखि १३ डिग्री सेल्सियस तापक्रम सबैभन्दा राम्रो मानिन्छ ।

# बकैयामा बालश्रम न्यूनीकरणबारे प्रशिक्षण




साझाकुरा संवाददाता

हेटौंडा, १० चैत/बकैया गाउँपालिकामा बालश्रम निवारणमा क्षेत्रगत अबधारणा र स्थानीय तहको भूमिका बिषयक प्रशिक्षण गोष्ठी आयोजना गरिएको छ ।

अध्यक्ष धर्मराज लामिछानेको सभाध्यक्षतामा उपाध्यक्ष भक्तबहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक समाज सञ्जाल बागमती प्रदेशको अध्यक्ष तथा बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडा, वडाअध्यक्षहरु राजन दंगाल, लक्ष्मी जिम्बा, टंकध्वज लोप्चन, भुमलसिं घलान, गोपाल न्यासुर, ज्ञानेन्द्र बजगाई, ग्लोबल मार्चको कार्यक्रम प्रबन्धक एन्जेला सोलानो डोन्सेल, स्वतन्त्रता अभियानको कार्यक्रम प्रबन्धक प्रतिक्षा केसीलगायतको आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा श्रोतब्यक्तिको रुपमा बालअधिकारकर्मी आत्माराम थापाले सहजीकरण गरेका थिए । बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ मा भएको मुख्य ब्यबस्थाहरु, दिगो विकास लक्ष्य, बालश्रम अतयका लागि भएको नीतिगत ब्यबस्थाका बारेमा छलफल गर्दै: बालश्रम अन्त्यको लागि यसअघि तयार पारिएको कार्ययोजनाको समीक्षा गर्दै आगामी योजनाका बारेमा छलफल गरिएको थियो ।

बकैया गाउँपालिकाको अध्यक्ष धर्मराज लामिछानेले यसअघि बालकल्याण समाजसँगको सहकार्यमा बालमैत्री सहजकर्तालाई दिइएको तालिमपश्चात गरिएको बालश्रमको अनुगमनको स्मरण गर्दै पालिका मिहिन ढंगबाट बालश्रम अन्त्य गर्न क्रियाशील रहेको बताए । उनले बालश्रम अन्त्यका लागि रोजगार दातासँग गहन छलफल गर्ने योजना रहेको बताए । उनले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ अनुरुप पालिकाले अब काम गर्ने बताउँदै विकासका साझेदार संस्था र नागरिकसमाज संजाललाई सहकार्यको लागि आग्रह गरेका थिए ।

दिगो विकास लक्ष्य ८.७ का लागि नागरिकसमाज संजाल बागमती प्रदेशको अध्यक्ष तथा बालकल्याण समाजका अध्यक्ष खतिवडाले सञ्जालले स्थानीय सरकारलाई बालश्रममुक्त, बालबिबाहमुक्त, विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय भर्ना, सीमान्तकृत एबम् विपन्न बालबालिकालाई नि:शुल्क तथा अनिवार्य, गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने अभियानमा सहकार्य गर्न सकिने बताए ।

# मकवानपुर क्याम्पसको प्रमुखमा सिलवाल

साझाकुरा संवाददाता



हेटौंडा, १० चैत/मकवानपरकै सबभन्दा ठूलो सामदायिक क्याम्पस मकवानपुर बहुमुखी क्याम्पसको प्रमुखमा डा. यमबहादुर सिलवाल नियुक्त भएका छन् ।

शनिवार बसेको क्याम्पस सञ्चालक समितिको बैठकले डा. सिलवाललाई क्याम्पस प्रमुखमा नियुक्त गर्ने निर्णय गरेको सञ्चालन समिति सदस्य बद्री लम्सालले जानकारी दिए । डा. शंकरप्रसाद उपाध्यायको कार्यकाल सकिएपछि क्याम्पस सञ्चालक समितिले डा. सिलवाललाई प्रमुख नियुक्त गरेको हो ।

सिलवालले भारतको राजस्थानस्थित मेवार्ड विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गरेका छन् । मकवानपुर बहुमुखी क्याम्पसमा करिब ६ हजार विद्यार्थी अध्ययनरत छन् । मकवानपुर क्याम्पसलाई बागमती प्रदेशको विश्वविद्यालय स्थापनाका लागि प्रक्रिया अगाडि बढेको छ ।

# गृहमन्त्रीको छानबिन गर्न संसदीय समिति नबने कांग्रेस के गर्छ ?

काठमाडौं, ९ चैत/सहकारी प्रकरणसँग आफूलाई जोडेर प्रतिपक्षी दल नेपाली कांग्रेसले लगातार संसद्मा आवाज उठाउन थालेपछि गृहमन्त्री रवि लामिछानेले आफैं बानेश्वर गएर जवाफ दिने बताएका थिए ।

अघिल्लो साता संचारकर्मीसँग कुरा गर्ने क्रममा लामिछानेले भनेका थिए, 'संसद्मा जवाफ दिनका लागि सभामुखले रुलिङ गर्नुभयो भने म आफैं उभिएर जवाफ दिन जान्छु ।'

लामिछानेलाई त्यस्तो रुलिङ प्राप्त भएको छैन । किनकि विपक्षी कांग्रेसले सहकारीको रकम अपचलनबारे गृहमन्त्रीको होइन, प्रधानमन्त्री स्वयंको जवाफ खोजेको थियो ।यस्तो माग गर्दै कांग्रेसका महामन्त्री गगन थापासहित आधा दर्जनभन्दा बढी सांसदले प्रतिनिधिसभामा आवाज उठाइरहे । यति बेला भने १० दिनलाई संसद रोकेर सभामुख देवराज घिमिरे विदेश भ्रमणमा छन् । कांग्रेसका नेताहरूले संसदसँगै सार्वजनिक फोरममा पनि गृहमन्त्रीसँग सम्बन्धित प्रश्नहरू निरन्तर उठाइरहेका छन् ।

यति बेला प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारीको रकम अपचलनमा गृहमन्त्री रवि लामिछाने माथि अनुसन्धान गर्न संसदीय छानविन समिति गठनलाई जोडसँग उठाइरहेको छ ।

सहकारीको रकम गोर्खा मिडियामा नेटवर्कका लागि लगानी गरिएको र रकम सार्ने बेला गृहमन्त्री लामिछाने जिम्मेवार पदमा रहेकाले छानबिन गर्नुपर्ने कांग्रेसको माग छ । गृहमन्त्रीलाई 'दाग' लागिसकेकाले उनी माथि संसदीय छानबिन समितिले छानबिन गर्नुपर्ने माग कांग्रेसको छ ।

६ चैतमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गृहमन्त्री लामिछाने सहकारीको रकम अपचलनमा संलग्न नरहेको जवाफ संसदमा दिए पनि कांग्रेसले चित्त बुझाएको छैन ।

सरकारले छानबिन समिति बनाउन तयार नरहे सदन सहज रुपमा सञ्चालन गर्न नदिने पक्षमा कांग्रेस देखिएको छ । संसदीय छानबिन समितिको विकल्प नभएको कांग्रेस केन्द्रीय सदस्य एवं सांसद रामहरि खतिवडा बताउँछन् । 'गठन गरेनन् भने संसद अवरोध उनीहरूले गरेको ठहरिन्छ । संसदीय समिति बनाउन सत्ता पक्ष तयार नभए बजेट अध्यादेशबाट ल्याउने हो ?' खतिवडाको सत्ता पक्षलाई प्रश्न छ ।

संसदीय छानबिन समितिको मागले सरकार अप्ठ्यारोमा नपर्ने कांग्रेस नेताहरूको तर्क छ । संसदीय समिति गठन हुँदा बहुमत पक्ष सत्ता पक्षको हुने उल्लेख गर्दै खतिवडा भन्छन्,'संसदीय छानबिन समिति गठन गर्दा सत्ता पक्षलाई नै सजिलो हुने हो । बहुमत सदस्य उनीहरूकै हुन्छन् ।' संसदीय छानबिन समिति पार्टीको 'बटमलाइन' भएको खतिवडा दाबी गर्छन् ।

कदाचित् सत्ता पक्ष संसदीय छानबिन समिति गठन गर्न तयार भए छानबिनमा सहयोग पुऱ्याउन गृहमन्त्री लामिछाने माथि नैतिक संकट उत्पन्न हुनेछ । समितिलाई निर्वाध कार्य गर्न र अनुसन्धानलाई प्रभावित हुन नदिन पदीय भूमिकाबाट हट्नुपर्ने अर्को माग पनि उठ्न सक्छ । आफूमाथि अनुसन्धान गर्न संसदीय छानबिन समिति गठन हुँदा पूर्वअर्थमन्त्री जनार्दन शर्माले राजीनामा दिएको उदाहरण छ । शर्माले २०७९ असार २३ मा अर्थमन्त्री पदबाट राजीनामा दिएका थिए ।

बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिलाई संलग्न गराएको शर्मामाथि आरोप लागेपछि उनीमाथि अनुसन्धान गर्न संसदीय समिति गठन भएको थियो । ११ सदस्यीय संसदीय समितिले १७ दिन लगाएर अनुसन्धान प्रतिवेदन तयार गरेको थियो । संसदीय छानबिन समितिले 'क्लिन चिट' दिएपछि शर्मा अर्थमन्त्री पदमा पुन: फर्केका थिए ।

नेकपा एमालेले छानबिन समिति गठनको माग गरेपछि संसदीय छानबिन समिति बनेको थियो । संसदीय समिति गठन हुनासाथ मन्त्रीबाट राजीनामा नगरेको इतिहास पनि छ । पूर्वअर्थमन्त्रीद्वय भरतमोहन अधिकारी र विष्णु पौडेलले बजेट 'लिक' गरेको आरोपमा संसदीय छानबिन समिति बनेका थिए । तर उनीहरू दुवैले राजीनामा दिएनन् । बजेट सार्वजनिक हुनु अघि नै बाहिरिएको भन्दै उनीहरूमाथि छानबिन समिति बनेका थिए ।

एकीकृत समाजवादीका नेता झलनाथ खनाल २०६८ मा प्रधानमन्त्री हुँदा अर्थमन्त्री अधिकारीले बजेट भाषण गर्दागर्दै कांग्रेस सांसद रमेश लेखकले बजेट बाहिरिएको विषय उठाएका थिए । अर्थमन्त्रीले बजेट भाषण गर्नु अघि नै पत्रिकामा बजेट लिक भएको भन्दै नियमापत्ति जनाएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना